## विराटनगर महानगरद्वारा एम्बुलेन्स सेवा शुरू

विराटनगर (अस) । विराटनगर महानगरपालिकाले महानगरवासीको स्वास्थ्य सेवामा सर्वसुलभ पहुँचका लागि एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएको छ । महानगरकी कार्यवाहक मेयर शिल्पा निराला कार्कीले बुधवार एम्बुलेन्स सेवाको उद्घाटन गरिन् । महानगर क्षेत्रमा बसोवास गर्ने प्रसूतिका लागि एम्बुलेन्स सेवा निःशुल्क उपलब्ध गराइनेछ । त्यस्तै ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक, रातो र नीलो कार्ड प्राप्त गरेका अपांगता भएका व्यक्तिका साथै न्यून आय भएका महानगरवासीलाई निःशुल्क रूपमा एम्बुलेन्स सेवा उपलब्ध गराइने कार्यवाहक मेयर कार्कीले जानकारी दिइन् । शुरूमा दुईओटा एम्बुलेन्समार्फत सेवा प्रदान गरिनेछ ।

UNILEVER NEPAL LIMITED

**युनिलिभर नेपाल लिमिटेड**
**दोस्रो र तेस्रो तल्ला, सिटी स्क्वेर बिल्डिङ,**
**नया बानेश्वर-१०, काठमान्डौ,**
**फोन नः ९७७-१-४७८०७१७, पो.ब.नं ७७६५**

### शेयर अभौतिकीकरण गरी बैंक खाता अद्यावधिक गर्ने र निम्न बमोजिमको जानकारी कम्पनीमा अद्यावधिक गर्ने सम्बन्धी सूचना

यस कम्पनीले गत वर्षजस्तै यस वर्ष पनि नगद लाभाँश शेयरधनी महानुभावहरूको हितग्राही खातामा उल्लेख भएको बैंक खातामा इन्टर बैंक पेमेन्ट सिस्टम (IPS) मार्फत रकम भुक्तानी गर्ने भएको हुँदाः

१) शेयर अभौतिकीकरण गरी हितग्राही खाता खोलीसकेका शेयरधनीहरूले, आफ्नो हितग्राही खातामा बैंक खाता उल्लेख गरी अद्यावधिक गर्नहुन अनुरोध गर्दछौं ।
२) हालसम्म आफ्नो नाममा भौतिक (Physical) रूपमा शेयर धारण गर्नुभएका शेयरधनिहरूले आफ्नो हितग्राही खाता खोली आफ्नो शेयर अभौतिकीकरण गराउन अनुरोध गर्दछौं । शेयरधनीहरूले शेयर अभौतिकीकरण गरी हितग्राही खाता खोले पश्चात मात्र लाभाँश रकम प्राप्त हुने हुँदा हितग्राही खाता नभएका शेयरधनीहरूले शेयर रजिष्ट्रार सनराईज क्यापिटल लिमिटेड, कमलपोखरी काठमाण्डौं वा अन्य कुनैपनि निक्षेप सदस्यमा हितग्राही खाता खोल्न हुन अनुरोध गरिन्छ ।
३) साथै प्रत्यक शेयरधनी महानुभावहरूलाई निम्न लिखित विवरणहरू आफ्नो हितग्राही खातामा अद्यावधिक गर्न हुन तथा कम्पनी/शेयर रजिष्ट्रार सनराईज क्यापिटल लिमिटेडको ईमेल आईडी nisha.basnet@sunrisecapital.com.np मा पठाई अद्यावधिक गर्न हुन हार्दिक अनुरोध गर्दछौं ।

**१. आफ्नो प्यान Permanent Account Number(PAN)**
**२. आफ्नो फोन/मोबाईल नम्बर, र हालको ठेगाना**
**३. शेयरधनीको आफ्नो ईमेल आईडी**

शेयर रजिष्ट्रार

सन्राइज क्यापिटल लिमिटेड
SUNRISE CAPITAL LTD.
Subsidiary of LAXMI SUNRISE BANK LIMITED
पो.ब.नं. १२०५५, कमलपोखरी, काठमाडौं
फोन नं. ४५२८५५०, फ्याक्स नं. ४५२८६८८



तस्वीर : सुनिल शर्मा रआर्थिक अभियान

**काठमाडौंको क्षेत्रपाटीस्थित एक कारखानामा चाँदीका टीकादानी देखाउँदै व्यापारी ।**

## भरतपुरमा चार निर्माण कम्पनी कालोसूचीमा

चितवन (अस) । प्रधानमन्त्री कार्यालय मातहतको सार्वजनिक खरीद अनुगमन कार्यालयले भरतपुर महानगरपालिकामा ठेक्का लिएर काम अलपत्र पार्ने चार निर्माण कम्पनीलाई कालोसूचीमा राखेको छ । विभिन्न सार्वजनिक निकायबाट काम सन्तोषजनक नभएको भन्दै कालोसूचीमा राख्न सिफारिश भएअनुसार तीनदेखि एक वर्षसम्म नयाँ ठेक्का लिन नपाउनेगरी कालोसूचीमा राखिएको कार्यालयले बताएको छ ।

भरतपुर महानगरपालिकाको सिफारिशमा भरतपुर महानगरपालिका-१ को सशक्तशरण गोले अभिषेकको निर्माण कम्पनी अर्बन कन्स्ट्रक्सन तीन वर्षका लागि कालोसूचीमा परेको छ । यो कम्पनीले भरतपुर महानगरपालिका वडा नं २८, १५, ११ र ५ मा सडक निर्माणका ६ ओटा काम अलपत्र पारेको महानगरपालिकाको पूर्वाधार महाशाखा प्रमुख सन्तोष आचार्यले जानकारी दिए । भरतपुरकै वडा नं २० र ६ मा सडकको काम अलपत्र पार्ने निर्माण न्यौपानेको कम्पनी शिवालय बिल्डर्सलाई २ वर्षका लागि कालोसूचीमा राखिएको छ ।

त्यसैगरी माधव घिमिरेको कश्यप निर्माण सेवा तथा सप्लायर्स एक वर्ष ६ महीनाका लागि कालोसूचीमा परेको छ । पूर्वाधार महाशाखा प्रमुख आचार्यका अनुसार यो कम्पनीले भरतपुर महानगरपालिका-५ मुनालचोक दक्षिणको बाटो निर्माणको ठेक्का लिएर काम नै गरेको थिएन । निर्माण सामग्रीको मूल्य बढेकाले कतिपय कम्पनीले काम नगरेको उनको भनाइ छ । भरतपुर महानगरपालिका-११ मा रहेको हेमराज बस्यालको निर्माण कम्पनी पनि एक वर्षका लागि कालोसूचीमा परेको छ । कम्पनीले भरतपुरमा पर्ने पूर्व-पश्चिम राजमार्ग खण्डसहित विभिन्न सडक मर्मतको ठेक्का लिएर काम नगरेको सडक डिभिजन कार्यालय भरतपुरका सूचना अधिकारी चन्द्रेश्वर शाहले बताए ।

त्यसैगरी पूर्वाधार विकास कार्यालय भरतपुरको सिफारिशमा नागार्जुन शंकरमाली जेभी काठमाडौं, नागार्जुन कन्स्ट्रक्सन कम्पनी प्रालि र शंकरमाली निर्माण सेवा प्रालि कालोसूचीमा परेका छन् । यी कम्पनीले मकवानपुरको सामरी पुल निर्माण नगरी छाडेको कार्यालयका प्रमुख वीरेन्द्र चौधरीले जानकारी दिए ।

## चाडपर्व लक्षित गरी बजार अनुगमन तीव्र

जनकपुरधाम (अस) । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरधामले चाडपर्व लक्षित गरी बजार अनुगमन तीव्र पारेको छ । जनकपुरमा रहेका १ दर्जनभन्दा बढी पसलमा बेच्न राखिएको २७ केजी मासु जफत गरी नमूना जाँचका लागि प्रयोगशालामा पठाइएको कार्यालयका सूचना अधिकारी प्रविन तिवारीले बताए । अनुगमनका क्रममा ती पसलमा खसीको मासुको नमूना जाँच गर्दा अखाद्य रङ प्रयोग भएको पाइएको थियो । कार्यालयका अनुसार सम्बन्धित पसल सञ्चालककलाई पहिलोपटकका लागि सम्झाइबुझाई प्रतिबद्धता लिई छाडिएको छ । अर्कोपटक सोही काम दोहरिएको पाइए खाद्य ऐन अनुसार कारबाही गरिने तिवारीले बताए । जनकपुरका किराना पसल र उद्योगहरूमा विभिन्न मिति र समयमा कार्यालयले गरेको अनुगमनमको क्रममा म्याद नाघेको नमकिन तथा सेबई भेटिएकाले नष्ट गरेको उनले बताए । यस्ता वस्तु बेच्ने पसललाई सचेत गराइएको छ ।

## गाउँपालिकाको अनुदानमा व्यावसायिक फूलखेती

स्याङ्जा । स्याङ्जाको कालीगण्डकी गाउँपालिकामा व्यावसायिक सयपत्री फूलखेती गरिएको छ । गाउँपालिकाका विभिन्न वडाका समूह, सहकारी तथा व्यक्तिले ६० रोपनी क्षेत्रफलमा व्यावसायिक फूलखेती गरेका हुन् । शुरुआतमा गाउँपालिका आफैले फूलखेती गरी राम्रो आम्दानी गरेसँगै पालिकाका विभिन्न समूह सहकारी तथा व्यक्ति अभिप्रेरित भई पालिकाको फूलखेतीमा आकर्षित भएका हुन् । पालिकाले केही वर्षदेखि थालेको व्यावसायिक फूलखेतीबाट सफलता प्राप्त गरेसँगै अहिले यहाँका समूह, सहकारी तथा व्यक्तिले पनि व्यावसायिक फूलखेती थालनी गरेको गाउँपालिकाका कृषि अधिकृत अनुप पौडेलले बताए । *रासस*



## लक्ष्मी सन्राइज बैंक लिमिटेडको ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०६/१८

यस बैंक (साविक सन्राइज बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले बैंकसँग गरेको सम्झौता बमोजिम उपभोग गरेको कर्जाको बक्यौता रकम तिरी बुझाई कर्जा नियमित गर्नको लागि तहाँ ऋणी तथा जमानतकर्तालाई पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी कर्जा नियमित नगर्नु नगराउनु भएको तथा बक्यौता रकम चुक्ता फछ्र्यौट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र कर्जाको सम्पूर्ण बक्यौता रकम (साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत) तिरी बुझाई कर्जा नियमित गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा सूचित गराइन्छ । उल्लेखित समयावधिभित्र कर्जाको सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तानी नगरे नगराएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई बिना अन्य सूचना कालोसूचीमा नाम समाविष्ट गर्न सिफारिस गरिने तथा प्रचलित कानून बमोजिम कर्जाको धितो सुरक्षणको रुपमा रहेको तपसिलमा उल्लेखित सम्पत्ती लगायत ऋणी, जमानतकर्ता तथा निजहरुको हक लाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत कर्जा असुल उपरको लागि आवश्यक कानुनी प्रक्रिया अवलम्बन गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

तपसिल

**ऋणी तथा जमानतकर्ताको विवरण**

**१. ऋणी तथा धितो जमानतकर्ताको नाम :** पदम सिं मगरको नाति, गजवीर मगरको छोरा, धनकुटा जिल्ला, भीरगाउँ गा.वि.स. वडा नं. १ भई हाल तेह्रथुम जिल्ला, म्याङलुङ न.पा. वडा नं. १ बस्ने **शम्शेर बहादुर मगर** (ना.प्र.नं. ८०३/११६३, जि.प्र.का. धनकुटा, जारी मिति २०५२/०९/०६) ।
**व्यक्तिगत तथा धितो जमानतकर्ता :** गजवीर मगरको बुहारी, शम्शेर बहादुर मगरको पत्नी, धनकुटा जिल्ला, भीरगाउँ गा.वि.स. वडा नं. १ भई हाल तेह्रथुम जिल्ला, म्याङलुङ न.पा. वडा नं. १ बस्ने **बुनु गुरुङ (मगर)** (ना.प्र.नं. ६८९, जि.प्र.का. धनकुटा, जारी मिति २०६३/०८/१०) ।
**धितो सुरक्षणको विवरण :**
**१. ऋणी शम्शेर बहादुर मगर**को नाममा मालपोत कार्यालय धनकुटाको लगतमा दर्ता श्रेष्ता कायम रहेको धनकुटा जिल्ला, भीरगाउँ गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ५३४ को क्षेत्रफल ७-०-०-० (रोपनि) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
**२. धितो जमानतकर्ता बुनु गुरुङ (मगर)** को नाममा मालपोत कार्यालय धनकुटाको लगतमा दर्ता श्रेष्ता कायम रहेको धनकुटा जिल्ला, भीरगाउँ गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ६४५ को क्षेत्रफल ३-०-०-० (रोपनी) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**२. ऋणी तथा धितो जमानतकर्ताको नाम :** गजवीर मगरको बुहारी, शम्शेर बहादुर मगरको पत्नी, धनकुटा जिल्ला, भीरगाउँ गा.वि.स. वडा नं. १ भई हाल तेह्रथुम जिल्ला, म्याङलुङ न.पा. वडा नं. १ बस्ने **बुनु गुरुङ (मगर)** (ना.प्र.नं. ६८९, जि.प्र.का. धनकुटा, जारी मिति २०६३/०८/१०) ।
**व्यक्तिगत जमानतकर्ता :** पदम सिं मगरको नाति, गजवीर मगरको छोरा, धनकुटा जिल्ला, भीरगाउँ गा.वि.स. वडा नं. १ भई हाल तेह्रथुम जिल्ला, म्याङलुङ न.पा. वडा नं. १ बस्ने **शम्शेर बहादुर मगर** (ना.प्र.नं. ८०३/११६३, जि.प्र.का. धनकुटा, जारी मिति २०५२/०९/०६) ।
**धितो सुरक्षणको विवरण : ऋणी बुनु गुरुङ (मगर)** को नाममा मालपोत कार्यालय तेह्रथुमको लगतमा दर्ता श्रेष्ता कायम रहेको तेह्रथुम जिल्ला, म्याङलुङ गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. ८३७ र ८२९ को क्षेत्रफल क्रमश : ०-४-०-० र ०-४-०-० (रोपनी) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**३. ऋणी तथा धितो जमानतकताको नाम :** करविर खापुङ्गको नाती, रण बहादुर खापुङ्गको छोरा, तेह्रथुम जिल्ला, म्याङलुङ्ग न.पा. वडा नं. १ बस्ने **गोपाल बहादुर खापुङ्ग** (ना.प्र.नं. ४८८३, जि.प्र.का. तेह्रथुम, जारी मिति २०४४/१०/२५) ।
**व्यक्तिगत तथा धितो जमानतकर्ता :** रण बहादुर खापुङ्गको बुहारी, गोपाल बहादुर खापुङ्गको पत्नी, ताप्लेजुङ जिल्ला, पापुङ न.पा. वडा नं. २ भई हाल तेह्रथुम जिल्ला, म्याङलुङ्ग न.पा. वडा नं. १ बस्ने **फुफुटी शेर्पा (लामा)** (ना.प्र.नं. ३६८५५/११४२, जि.प्र.का. ताप्लेजुङ, जारी मिति २०५४/०८/०४) ।
**व्यक्तिगत जमानतकर्ता :** रण बहादुर खापुङ्गको नाती, गोपाल बहादुर खापुङ्गको छोरा तेह्रथुम जिल्ला, म्याङलुङ्ग न.पा. वडा नं. १ बस्ने **अनमोल लिम्बु** (ना.प्र.नं. ०८१००१/८९८२, जि.प्र.का. तेह्रथुम, जारी मिति २०६८/०२/०५) ।
**धितो सुरक्षणको विवरण :**
**१. ऋणी गोपाल बहादुर खापुङ्ग**को नाममा मालपोत कार्यालय म्याङलुङ्ग, तेह्रथुमको लगतमा दर्ता श्रेष्ता कायम रहेको तेह्रथुम जिल्ला, म्याङलुङ्ग वडा नं. १ स्थित कित्ता नं. ११२२, ६४१, ६४३, ११२९ र ३७२ को क्षेत्रफल क्रमशः ०-४-२-१, ०-२-०-०, ०-१-०-०, ०-२-२-२ र ०-०-२-३ (रोपनि) तथा तेह्रथुम जिल्ला, तम्फुला वडा नं. ६ स्थित कित्ता नं. ७१६ को क्षेत्रफल ६-१४-०-१ (रोपनि) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
**२. व्यक्तिगत तथा धितो जमानतकर्ता फुफुटी शेर्पा (लामा)** को नाममा मालपोत कार्यालय म्याङलुङ्ग, तेह्रथुमको लगतमा दर्ता श्रेष्ता कायम रहेको तेह्रथुम जिल्ला, साब्ला न.पा./गा.पा. वडा नं. १ स्थित कित्ता नं. ५१२ को क्षेत्रफल ०-६-०-० (रोपनी) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**४. ऋणी तथा व्यक्तिगत जमानतकर्ताको नाम :** टेक बहादुर लिम्बुको नाति, डम्बर बहादुर लिम्बुको छोरा, तेह्रथुम जिल्ला, तम्फुला गा.वि.स. वडा नं. ७ भई हाल तेह्रथुम जिल्ला, म्याङलुङ्ग न.पा. वडा नं. १० बस्ने **जुलि सुब्बा** (ना.प्र.नं. ३७३९८/७०६, जि.प्र.का. तेह्रथुम जारी मिति २०५९/०२/१४) ।
**धितो तथा व्यक्तिगत जमानतकर्ता :** टेक बहादुर लिम्बुको बुहारी, डम्बर बहादुर लिम्बुको पत्नी, तेह्रथुम जिल्ला, तम्फुला गा.वि.स. वडा नं. ६ भई हाल तेह्रथुम जिल्ला, म्याङलुङ न.पा. वडा नं. १० बस्ने **तिल कुमारी लिम्बु** (ना.प्र.नं. १४५१/१३१०५, जि.प्र.का. तेह्रथुम, जारी मिति २०४१/०२/३१) ।
**व्यक्तिगत जमानतकर्ता :** डम्बर बहादुर लिम्बुको बुहारी, जुलि सुब्बाको पत्नी, तेह्रथुम जिल्ला, पौठाक गा.वि.स. वडा नं. ४ भई हाल तेह्रथुम जिल्ला, म्याङलुङ्ग न.पा. वडा नं. १० बस्ने **शुस्मा लिम्बु** (ना.प्र.नं. ०८१०२६/२००८, जि.प्र.का. तेह्रथुम, जारी मिति २०६५/०७/२१) ।
**धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता तिल कुमारी लिम्बु**को नाममा मालपोत कार्यालय तेह्रथुमको लगतमा दर्ता श्रेष्ता कायम रहेको तेह्रथुम जिल्ला, तम्फुला गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ४९० को क्षेत्रफल १-१०-१-० (रोपनी) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ऋणी तथा जमानतकर्ताको विवरण**

**५. ऋणी तथा धितो जमानतकर्ताको नाम :** रणमान न्यौपानेको नाति, धन बहादुर नेउपानेको छोरा, तेह्रथुम जिल्ला, जलजले गा.वि.स. वडा नं. ७ भई हाल तेह्रथुम जिल्ला, म्याङलुङ्ग न.पा. वडा नं. १० बस्ने **ईन्द्र बहादुर नेउपाने** (ना.प्र.नं.४०२/४२३, जि.प्र.का. तेह्रथुम, जारी मिति २०३६/०५/०६) ।
**धितो तथा व्यक्तिगत जमानतकर्ता :** धन बहादुर नेउपानेको नाति, ईन्द्र बहादुर नेउपानेको छोरा, तेह्रथुम जिल्ला, जलजले गा.वि.स. वडा नं. ७ भई हाल तेह्रथुम जिल्ला, म्याङलुङ्ग न.पा. वडा नं. ३ बस्ने **प्रकाश नेउपाने** (ना.प्र.नं. ३५३१७/१०३, जि.प्र.का. तेह्रथुम, जारी मिति २०५८/०६/०५) ।
**व्यक्तिगत जमानतकर्ता :** धन बहादुर न्यौपानेको बुहारी, ईन्द्र बहादुर न्यौपानेको पत्नी, झापा जिल्ला, दमक गा.वि.स./न.पा. वडा नं. १२ भई हाल तेह्रथुम जिल्ला, म्याङलुङ्ग न.पा. वडा नं. १० बस्ने **हेम कुमारी न्यौपाने** (ना.प्र.नं. २५२४, जि.प्र.का. तेह्रथुम, जारी मिति २०४२/१२/०३) ।
**धितो सुरक्षणको विवरण :**
**१. धितो जमानतकर्ता प्रकाश नेउपाने**को नाममा मालपोत कार्यालय तेह्रथुमको लगतमा दर्ता श्रेष्ता कायम रहेको तेह्रथुम जिल्ला, तम्फुला गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. ४५५ र ७०९ को क्षेत्रफल क्रमश : ०-५-०-० र ०-४-०-० (रोपनि) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
**२. ऋणी ईन्द्र बहादुर नेउपाने**को नाममा मालपोत कार्यालय तेह्रथुमको लगतमा दर्ता श्रेष्ता कायम रहेको तेह्रथुम जिल्ला, तम्फुला गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. ६८३ को क्षेत्रफल ०-७-१-३ (रोपनि) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**६. ऋणी, व्यक्तिगत तथा धितो जमानतकर्ताको नाम :** निमा छेत्र शेर्पाको बुहारी, दाव शेर्पाको पत्नी, तेह्रथुम जिल्ला, म्याडलुङ्ग न.पा. वडा नं. ७ बस्ने **शान्ती देवी शेर्पा** (ना.प्र.नं. २२५५२/१६, जि.प्र.का. तेह्रथुम, जारी मिति २०४९/१२/२९) ।
**धितो तथा व्यक्तिगत जमानतकर्ता :** फुर्वा शेर्पाको नाति, निमा छेत्र शेर्पाको छोरा, तेह्रथुम जिल्ला, जिरिखिम्ती गा.बि.स. वडा नं. ८ भई हाल तेह्रथुम जिल्ला, म्याङलुङ्ग न.पा. वडा नं. ६ बस्ने **दाव शेर्पा** (ना.प्र.नं. २३९६७/९०१, जि.प्र.का. तेह्रथुम, जारी मिति २०५१/०६/०७) ।
**धितो सुरक्षणको विवरण :**
**१. ऋणी शान्ती देवी शेर्पा**को नाममा मालपोत कार्यालय तेह्रथुमको लगतमा दर्ता श्रेष्ता कायम रहेको तेह्रथुम जिल्ला, म्याडलुङ्ग न.पा./गा.पा. वडा नं. ६ स्थित कित्ता नं. ५९१ को क्षेत्रफल ०-२-०-० (रोपनि) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
**२. धितो जमानतकर्ता दावा शेर्पा**को नाममा मालपोत कार्यालय तेह्रथुमको लगतमा दर्ता श्रेष्ता कायम रहेको तेह्रथुम जिल्ला, अम्फुवा गा.पा./न.पा. वडा नं. ८ स्थित कित्ता नं. ८८० को क्षेत्रफल २-६-०-० (रोपनी) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**७. ऋणी, व्यक्तिगत तथा धितो जमानतकर्ताको नाम :** ईन्द्र बहादुर न्यौपानेको बुहारी, प्रकाश न्यौपानेको पत्नी, तेह्रथुम जिल्ला, जलजले गा.वि.स. वडा नं. ७ भई हाल तेह्रथुम जिल्ला, फेदाप न.पा./गा.पा. वडा नं. ३ बस्ने **निरुपा न्यौपाने** (ना.प्र.नं. ४२७५९६/२०५, जि.प्र.का. तेह्रथुम, जारी मिति २०६३/०९/२५) ।
**व्यक्तिगत जमानतकर्ता :** धन बहादुर न्यौपानेको नाति, ईन्द्र बहादुर नेउपानेको छोरा, तेह्रथुम जिल्ला, जलजले गा.वि.स. वडा नं. ७ भई हाल तेह्रथुम जिल्ला, म्याङलुङ्ग न.पा. वडा नं. १० बस्ने **प्रकाश नेउपाने** (ना.प्र.नं. ३५३१७/१०३, जि.प्र.का. तेह्रथुम जारी मिति २०५८/०६/०५) ।
**धितो सुरक्षणको विवरण : ऋणी निरुपा न्यौपाने**को नाममा मालपोत कार्यालय तेह्रथुमको लगतमा दर्ता श्रेष्ता कायम रहेको तेह्रथुम जिल्ला, जलजले गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. ७२५ र ५८४ को क्षेत्रफल क्रमश : १०-११-०-० र ६-१०-३-० (रोपनी) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**नोट : ऋणी बाहेकका व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्तालाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो ।**

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
पो.ब.नं.: १९५९३, काठमाडौं, नेपाल
फोन नं.: ४५४४६८४/८५
Email: info@laxmisunrise.com,
URL: www.laxmisunrise.com

## धार्मिक एवम् सामाजिक सद्भाव कायम गर्न आयोगको अपिल

काठमाडौं । राष्ट्रिय मानवअधिकार आयोगले धार्मिक एवम् सामाजिक सद्भाव कायम गर्न अपिल गरेको छ । बाँकेको नेपालगञ्जमा मंगलवार र्‍यालीको क्रममा हिन्दू र मुस्लिम समुदायबीच विवाद सृजना भई सार्वजनिक सम्पत्ति तोडफोड, ढुंगामुढा प्रहार र उच्छृङ्खल गतिविधि भएसँगै आयोगले बुधवार विज्ञप्तिमार्फत यस्तो अपिल गरेको हो । तनावका कारण केही स्थानमा झडप हुँदा पाँचजना सुरक्षाकर्मीसहित २२ जना व्यक्ति घाइते भएको अवस्थाप्रति आयोगले गम्भीर ध्यानाकर्षण भएको बताएको छ । यस सम्बन्धमा आयोगको नेपालगञ्ज कार्यालयले स्थलगत अनुगमन गर्नुका साथै सरोकारवाला निकायसँग सम्पर्क गरी जानकारी लिइरहेको प्रवक्ता टीकाराम पोखेलले जानकारी दिए ।

आयोगले नेपालको संविधानको प्रस्तावनामा नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक, सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्द्धन गर्ने उल्लेख गरिएको स्मरण गराएको छ । उल्लिखित संवैधानिक व्यवस्थाका साथै संयुक्त राष्ट्रसंघको बडापत्र, मानवअधिकारको विश्वव्यापी घोषणापत्र तथा नेपाल पक्ष राष्ट्र भएका महासन्धिका व्यवस्थालाई समेत आत्मसात् गर्दै सामाजिक सद्भाव कायम गर्नु, गराउनु सबैको कर्तव्य हुने आयोगले स्पष्ट गरेको छ । 'साम्प्रदायिक हिंसा हुन सक्ने र शान्ति सुरक्षा खलबलिन सक्नेतर्फ संवेदनशील हुन, विचार तथा अभिव्यक्ति स्वतन्त्रताको उपयोग गर्दा अरूको अधिकारप्रति सचेत हुन र मर्यादित रूपमा सामाजिक सञ्जालको प्रयोग गर्न विज्ञप्तिमा भनिएको छ । *रासस*

## माछापुच्छ्रे बैंकको २३औं वार्षिकोत्सव



काठमाडौं (अस) । माछापुच्छ्रे बैंक लिमिटेड स्थापनाको २४औं बर्षमा प्रवेश गरेको छ । २४औं वर्ष प्रवेशको अवसरमा बैंकले एक कार्यक्रम गरी २० वर्षभन्दा बढी निरन्तर सेवा गरिरहेका कर्मचारीलाई सम्मान गरेको छ । २३ वर्षसम्म बैंकको निरन्तर उन्नति एवं प्रगति तथा समृद्धिका लागि ग्राहक, नियमनकारी निकाय, शेयरधनी सदस्य, सम्पूर्ण कर्मचारी एवं शुभचिन्तकबाट पाएको सहयोगप्रति बैंकका अध्यक्ष डा. उपेन्द्र महतोले आभार प्रकट गरे । आगामी दिनमा थप गुणस्तरीय बैंकिङ सेवा दिँदै उत्कृष्ट सुविधा प्रदान गर्ने उनको प्रतिबद्धता थियो ।

कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइरालाले 'स्मार्ट बैंक' मूल नाराका साथ बैंकले डिजिटल अर्थतन्त्रमा प्रभावकारी भूमिका निर्वाह गर्दै आएको बताए । स्मार्ट तरीकाबाट ग्राहकको चाहना तथा आवश्यकता बमोजिम नवीनतम, विश्वस्तरीय, भरपर्दो तथा गुणस्तरीय सेवा प्रदान गर्दै क्रमशः आफ्ना सेवालाई अझ सरल, सहज र विश्वसनीय बनाउने उनको भनाइ छ । बैंकले आफ्नो २३औं वार्षिकोत्सवको अवसरमा विभिन्न क्यासब्याक तथा अन्य अफर ल्याएको बताएको छ ।